नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २४९ २०८२ साल बैशाख २३ गते मंगलबार (6 May 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : सङ्क्रमणकालीन न्यायमा ... ३ पृष्ठमा : बजेटको प्रभावकारी ... ३ पृष्ठमा : घातक काश्मीर आक्रमणपछि ...

## जग्गाधनी पुर्जा पाउनुपर्ने माग गर्दै राजविराज नगरपालिकामा धर्ना




**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।** ब्लक, विटौरी जग्गाको जग्गाधनी पुर्जा पाउनुपर्ने माग गर्दै राजविराजका नगरवासीले नगरपालिका कार्यालयमा सोमबार धर्ना बसेका छन् ।

राजविराजको स्थापना कालदेखि बसोवास गर्दै आएका नगरवासीहरुले विभिन्न ८ बुंदे माग अघि सार्दै नगरपालिका कार्यालयमा धर्ना दिएका हुन् ।

राजविराज नगरवासीको तर्फबाट गठित संघर्ष समितीको अगुवाईमा विहान १० बजे बाजार क्षेत्रमा प्रदर्शन पश्चात नगरपालिका कार्यालय घेराउ गर्दै धर्नामा बसेपछि राजविराज नगरपालिकाको कामकाज समेत ठप्प भएको थियो ।

आईतबार राजविराज स्थित नापी कार्यालयको गेटमा समेत उनीहरु धर्ना बसेका थिए ।

धर्नामा संघर्ष समितिका पदाधिकारीका साथै जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, वडा सदस्य रामानन्द देव, विरेन्द्र साह, ८५ बर्षीय वृद्ध शिवनारायण स्वर्णकार, ८२ बर्षीय रोहितलाल दासका सार्थ ठूलो संख्यामा नगरवासी सहभागि भएको संघर्ष समिति संयोजक इरसाद अन्सारीले जानकारी दिए ।

२०१६ सालमा राजविराज नगरपालिका स्थापनाकाल देखि नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ(बायाँ रहेका ७० विगहा क्षेत्रफलमा बसोबास गर्दै आएका ५ हजार २ सय परिवार बर्षौंदेखि जग्गाधनी पुर्जा विहिन छन् ।

नगरपालिकाबाट नक्सापास तथा मालपोत कार्यालयबाट विगत ८ बर्षदेखि रोक्का प्रकृया बन्द गरिएपछि उनीहरु मार्कामा परेका हुन् ।

जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोबास गर्दै आएका राजविराजबासी विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखि ऋणकर्जा लिदै आएका थिए तर, हाल उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित भएका छन् ।

संघर्ष समितिले ब्लक र बिटौरी जग्गाको लालपुर्जाका साथै राजविराज बसपार्क अविलम्व संचालन, हटियामा निर्माणाधिन व्यवसायिक कम्पलेक्सको निर्माण कार्य अविलम्व सकाएर व्यवसायीलाई हस्तान्तरण, नाका क्षेत्रमा बर्षौ देखि बन्द रहेका छोटी भन्सार कर्यालयहरुको पुनर्संचालन

*बाँकी अन्तिम पृष्ठमा*

## आज सीता जयन्ती : मधेश प्रदेशमा सार्वजनिक विदा

**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।** जानकी नवमीको अवसरमा मधेश सरकारले आज सार्वजनिक विदा दिएको छ । मधेश प्रदेशमा विगत देखि नै जानकी नवमी अर्थात सीता जयन्तीका दिन सार्वजनिक विदा दिन विभिन्न संघ संस्थाहरुले माग गर्दै आएका थिए ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयका उपसचिव गणेश नायकद्वारा वैशाख २१ मा जारी भएको सूचनाका अनुसार यही वैशाख २३ गते मङ्गलबार जानकी नवमी (सीता जयन्ती) र आगामी जेठ २८ गते बुधबार कविर दास जयन्तीका दिन प्रदेशमा बिदा दिने निर्णय भएको उल्लेख गरिएको छ ।

गत बर्ष जानकी नवमीको दिन सार्वजनिक विदा दिन माग गर्दै मैथिली साहित्य परिषद सप्तरीले मधेश सरकारको ध्यानाकर्षण गराएको थियो । मैथिली भाषा संस्कृती संरक्षणको क्षेत्रमा पाँच दशक भन्दा बढी समय देखि काम गर्दै आएको परिषदका अध्यक्ष अवधेश झाले मिथिला संस्कृती संरक्षण प्रति चासो देखाएकोले मधेश सरकारलाई धन्यवाद दिए ।

“यो एक दिनको विदा दिनु कुनै ठूलो कुरा होईन तर, माता जानकी र मिथिला संस्कृती संरक्षण प्रति मधेश सरकारले सम्मान व्यक्त गरेकोमा त्यस प्रति मैथिली साहित्य परिषद सप्तरीको तर्फबाट आभार व्यक्त गर्दछु” अध्यक्ष झाले भने ।

## कोसी टप्पुमा पर्यटकको सङ्ख्या वृद्धि

इनरुवा (सुनसरी), २२ वैशाख (रासस) । अर्ना र चराका लागि प्रसिद्ध कोशीटप्पु वन्यजन्तु आरक्षमा आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या वृद्धि भएको छ ।

विगतका तुलनामा चालु आर्थिक वर्षमा आरक्षमा आन्तरिक तथा बाह्य पर्यटक सङ्ख्या वृद्धि भएको हो । गत साउनदेखि चैत मसान्तसम्म आठ हजार ४१५ जना आन्तरिक, ६६ जना सार्क मुलुक र अन्य विदेशी नागरिक २१० पर्यटकले आरक्षको भ्रमण गरेको आरक्षका संरक्षण अधिकृत भुपेन्द्रसाद यादवले जानकारी दिनुभयो ।

यादवका अनुसार पर्यटकको सङ्ख्याबाट आरक्षमा २५ लाख १९ हजार १६६ रुपैयाँ राजस्व सङ्कलन भएको छ । हिउँदको सुरुवातदेखि पर्यटकको सङ्ख्या वृद्धि भएको आरक्षका वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवले बताउनुभयो ।

आरक्षमा नेपालमा मात्र पाइने दुर्लभ अर्ना, भर्खरै हुर्कदै गरेका गैँडा, र साइबेरियालगायतका देशबाट आउने पाहुना चरा हेर्न तथा अवलोकन गर्न पर्यटक आउने गरेको आरक्ष प्रशासनले जनाएको छ । आरक्षमा ५२० प्रजातिका चराको वास स्थान छ ।

पछिल्लो समय कोशी प्रदेश सरकारले छिमेकी मुलुक भारतबाट पर्यटक भित्र्याउन विभिन्न अभियान सुरुवात गरको छ । केही दिन अघि मात्र प्रदेश

*बाँकी अन्तिम पृष्ठमा*

## राजगढ़मा विद्यालयको बाउण्ड्रीवाल शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।** सप्तरीको राजगढ गाउँपालिकामा सोमबार एक विद्यालयको वाउण्ड्रीवाल निर्माणको शिलान्यास गरिएको छ ।

गाउँपालिकाको वडा नम्बर ४ स्थित जनता माध्यमिक विद्यालयमा अधुरो रहेको वाउड्रीवाल निर्माणको शिलान्यास गरिएको हो ।

गाउँपालिका अध्यक्ष ओमप्रकाश मंडलले एक कार्यक्रमकाबीच बाउण्ड्रीवालको शिलान्यास गरे ।

गाउँपालिका स्तरीय योजना अन्तर्गत रु १५ लाखको बजेटबाट आरसिसि वाउण्ड्रीवाल निर्माण गर्न लागिएको अध्यक्ष मंगलले जानकारी दिए ।

विद्यालय र विद्यार्थी समेतको सुरक्षालाई मध्य नजर गर्दै अधुरो वाललाई पुर्णता दिन लागिएको उनको भनाई छ ।

शिलान्यास कार्यक्रमा राष्ट्रिय मुक्ति पार्टी नेपालका केन्द्रिय नेता गजेन्द्र मंडल, वडाध्यक्ष अशोक साह, विद्यालय व्यवस्थापन समिति अध्यक्ष नन्दकिशोर मंडल, समाजसेवी घनश्याम मंडल र दुनियाँलाल मंडल सहितको उपस्थिति रहेको थियो ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
- CC Camera को निगरानीमा पठनपाठन गराइने ।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

### वनसम्पदाको संरक्षण आवश्यक

सप्तरी जिल्ला जैविक विविधता र वनसम्पदाले भरिपूर्ण क्षेत्र हो । तर हालका वर्षहरूमा यहाँको वन क्षेत्र गम्भीर संकटमा परेको छ । वन फँडानी, अवैध उत्खनन, आगलागी, र जलवायु परिवर्तनका असरहरूले सप्तरीको वन प्रणालीलाई कमजोर बनाइरहेका छन् । चुरे क्षेत्र, जसले जिल्लाको ३७% भूभाग ओगटेको छ, वन फँडानी र अवैध उत्खननका कारण अत्यधिक प्रभावित भएको छ । चुरे क्षेत्रको जैविक विविधता र प्राकृतिक सम्पदा नासिने क्रम बढेको छ । यसले माटोको क्षरण, जल स्रोतको सुक्खापन, र बाढीको जोखिम बढाएको छ ।

वन आगलागी सप्तरीमा बढ्दो समस्या बनेको छ । विशेष गरी मार्चदेखि मे महिनासम्म, मानव क्रियाकलापका कारण वन आगलागीको घटना बढ्ने गरेको छ । यसले वन्यजन्तुहरूको बासस्थान नष्ट गर्नुका साथै पर्यावरणीय सन्तुलनमा गम्भीर असर पारिरहेको छ । जिल्लामा सामुदायिक वनहरू स्थापना गरेर स्थानीय बासिन्दाहरूले वन संरक्षणमा योगदान पुऱ्याइरहेका छन् । तर यी प्रयासहरू पर्याप्त छैनन् । सरकारी निकायहरू, गैरसरकारी संस्था, र स्थानीय समुदायबीच समन्वय गरी वन संरक्षणका कार्यक्रमहरूलाई सशक्त बनाउनु आवश्यक छ ।

तसर्थ वन फँडानी, अवैध उत्खनन, आगलागी, र जलवायु परिवर्तनका असरहरूले वन प्रणालीलाई कमजोर बनाइरहेका छन् । यस समस्याको समाधानका लागि सरकारी, गैरसरकारी, र स्थानीय समुदायबीच समन्वय आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# सङ्क्रमणकालीन न्यायमा देखिएको उल्झन

**राजेन्द्र सेन्चुरी**

काठमाडौँ, २२ वैशाख (रासस) ।

नेपालको राजनीतिक इतिहासमा २०६३ सालको विस्तृत शान्ति सम्झौता एउटा कोसेढुङ्गा हो, जसले एक दशक लामो सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य गऱ्यो । तर द्वन्द्व सकिएको झन्डै दुई दशक पुग्न लाग्दासमेत द्वन्द्वबाट प्रभावित नागरिकहरूले न्यायको अनुभूति गर्न सकेका छैनन् । द्वन्द्वकालमा घटाइएका जघन्य मानवअधिकार उल्लङ्घनका घटनालाई सम्बोधन गर्न २०७१ सालमा गठन गरिएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको उद्देश्य पीडितलाई न्याय, पीडकलाई जवाफदेहिता र समाजलाई मेलमिलापतर्फ डोऱ्याउनु थियो । तर, आजसम्मको यात्रा नियाल्दा यी आयोगहरू ती सबै कर्तव्यबाट विमुख भएको अनुभूति हुन्छ ।

एक दशक लामो अवधिमा आयोगहरूले ६६ हजार उजुरी सङ्कलन गरे पनि करिब चार हजारमा मात्रैमा अध्ययन भएको देखिन्छ, त्यो पनि विस्तृत हैन, प्रारम्भिक मात्रै । झट्ट हेर्दा संरचना छ, काम भइरहेकै होला भन्ने लाग्न सक्छ, तर गहिरिएर हेर्दा यो प्रक्रिया ढिलो, अपारदर्शी र राजनीतिक हस्तक्षेपले नराम्ररी प्रभावित भएको छ । सुरुमा भूकम्प, त्यसपछि कोरोना महामारी, अनि कहिले नेतृत्व विहीनता, कहिले अनुपयुक्त कानुन । यी सबै बहानाको निस्पट्ट अन्धकारमा पीडितको आवाज दिशाविहीनता भौँतारिइरहेको छ ।

आयोगहरू नेतृत्वविहीन हुने, सर्च कमिटी गठन हुने तर निष्कर्षमा नपुग्ने, राजनीतिक भागबन्डाको आधारमा पदाधिकारी चयन हुनेजस्ता विभिन्न प्रक्रियाहरू पटकपटक दोहोरिरहेका छन् । पदाधिकारी छनोटको प्रक्रियाको थालनी गरिए पनि अन्ततः गोजीका मान्छे नै ल्याइने परिपाटी चलेको देखिन्छ । यसैकारणले आयोगको स्वतन्त्रता र विश्वसनीयता माथि गम्भीर प्रश्न र आयोगको कामकारबाहीप्रति जनविश्वास कमजोर हुँदै आएको छ । यो अवस्था केवल प्रशासनिक अक्षमता मात्र होइन, यो हाम्रो राजनीतिक इच्छाशक्तिको कमजोरी पनि हो । आयोगहरूको संरचनात्मक कमजोरीले यसलाई अझ बिगारेको छ । काम गर्न आवश्यक स्रोत, जनशक्ति, स्वतन्त्रता केही पनि पर्याप्त पाउन सकेनन् आयोगहरूले । त्यसैले आयोगहरूमा उजुरी हाल्ने पीडित आज निराश छन् । उनीहरू न्यायको प्रतीक्षामा बसेका छन् तर न्याय भने ढिला, धमिलो र [redacted] जस्तो भएको [redacted] न्यायको [redacted] गर्नु, [redacted] गर्नु र [redacted] गर्नु हो । [redacted] प्रक्रियालाई राजनीतिज्ञहरूले 'बार्गेनिङ चिप' का रूपमा प्रयोग गरे भन्ने जनगुनासो रहँदै आएको छ । यथार्थ के हो भने ६६ हजार उजुरीमध्ये सबै पीडितले सजाय चाहेका होइनन्, उनीहरू न्यायको अनुभूति खोजिरहेका छन् । र त्यस्तो न्याय कानुनी मात्र नभई आर्थिक, सामाजिक, सांस्कृतिक र नैतिक पनि हुन सक्छ । र त भनिन्छ सङ्क्रमणकालीन न्याय भनेको केवल कानुनी प्रक्रिया मात्र होइन, यो सामाजिक, राजनीतिक र आर्थिक पुनर्स्थापनाको समग्र प्रक्रिया हो । तर नेपालमा यसलाई फौजदारी न्यायको सङ्कीर्ण दृष्टिकोणबाट मात्र हेरिएको छ । राजनीतिक दलहरू र सम्बन्धित सरोकारवालाहरू दुई ‌ुवमा बाँडिएका छन् ( एक पक्षले पीडकहरूलाई पूर्ण आममाफीको व्यवस्था मिलाउन खोज्छ भने अर्को पक्षले सबैलाई कठघरामा उभ्याउनु पर्ने दृष्टिकोणको । यी दुई(ध्रुवीय सोचको परिणामस्वरूप सङ्क्रमणकालीन न्याय प्रक्रियामा लचिलोपनको अभाव र समझदारीको सङ्कट देखिन्छ ।

सर्वोच्च अदालतले द्वन्द्वकालीन गम्भीर मानवअधिकार उल्लङ्घनका मुद्दाहरू फौजदारी अदालतबाट अघि बढाउन सकिने फैसला गरिसकेको छ । यसले सरकार र आयोगहरूलाई समयमै निष्कर्षमा नपुगेको खण्डमा अन्तर्राष्ट्रिय दबाब र हस्तक्षेपको ढोका खोल्ने अवस्था पनि निम्त्याउन सक्छ । विश्वव्यापी क्षेत्राधिकार (युनिभर्सल जुरिस्डिक्सन) प्रयोग गरेर हाम्रा युद्ध(अपराध आरोपित नागरिकहरूलाई विदेशमा नै अभियोजन गर्ने स्थितिको पनि सिर्जना हुन सक्छ; कर्नेल कुमार लामाको बेलायतमा गिरफ्तारी त्यही प्रवृत्तिको एउटा उदाहरण हो ।

तसर्थ, जतिसक्दो चाँडो यो प्रक्रिया टुङ्ग्याउनुमै बुद्धिमत्ता रहन्छ । समस्या जटिल भए पनि समाधान अवश्य सम्भव छ । यसको लागि आवश्यक छ, सबै पक्षले सङ्क्रमणकालीन न्यायलाई कानुनी प्रक्रिया मात्र नभई राजनीतिक, सामाजिक र नैतिक प्रक्रिया मानेर अघि बढ्न । आजको सन्दर्भमा 'रूपान्तरणमुखी न्याय', जहाँ दण्डात्मक, परिपूरणमुखी र मेलमिलापकारी विधिहरू सँगसँगै सञ्चालन हुन्छन्, त्यो नै नेपालका लागि उपयुक्त ढाँचा हुनसक्छ । यसर्थ, अहिलेलाई प्रस्तुत केही विषयहरूमा ध्यान दिन आवश्यक देखिन्छ ।

सर्वप्रथम, आयोगहरूलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आवश्यक छ । पदाधिकारी नियुक्तिमा पारदर्शिता, योग्यतामा आधारित र राजनीतिक हस्तक्षेपबाट मुक्त प्रक्रिया अवलम्बन गरिनुपर्दछ । 'सर्च कमिटी' केबल देखावटी बन्नु हुँदैन, त्यसलाई निष्पक्षता र जबाफदेहिताको मापदण्डमा बाँध्नुपर्छ । अनि मात्रै आयोगले जनताको भरोसा जित्न सक्छ । स्वतन्त्र र पेशेवर नेतृत्व हुने हो भने मात्रै आयोगले निष्पक्षता देखाउन सक्छ । यसका साथै, संसदीय निगरानी र सार्वजनिक पारदर्शिता पनि अनिवार्य हुनुपर्छ ।

दोस्रो, मेलमिलाप कार्यक्रमलाई सत्यको खोज( अनुसन्धानसँगै अघि बढाइनु पर्छ । जुन मुद्दामा पीडित स्वयं मेलमिलापमा जान इच्छुक छन्, ती मुद्दाहरू प्रारम्भमै निष्कर्षमा पुऱ्याउन सकिन्छ । यसले आयोगमाथिको कार्यभार घटाउँछ, स्रोत र समयको बचत गर्छ र पीडितलाई छिटो न्यायको अनुभूति गराउँछ । तेस्रो, स्थानीय तहमा मेलमिलाप संयन्त्र निर्माण गर्नुपर्छ । रुवान्डाको 'गाचाचा' अदालत वा सिएरा लियोनको सामुदायिक मेलमिलाप जस्ता मोडेलबाट सिक्न सकिन्छ । त्यसका लागि मेलमिलापको संरचना स्थानीय तहमा विस्तार गर्न सकिन्छ । न्यायिक समिति वा समुदायमा आधारित समितिहरूमार्फत यस्तो संरचना कार्यान्वयन गर्न सकिन्छ । पीडित र आरोपितबीचको सीधा संवाद, क्षमायाचना र पुनर्स्थापनाले समाजमा विश्वासको पुनर्निर्माण गरी दिगो शान्ति स्थापना गर्न सकिन्छ ।

चौथो, पीडितलाई कानुनी सहयोग, मनोसामाजिक परामर्श र परिपूरणका लागि आवश्यक सहायता प्रदान गर्न केन्द्र, प्रदेश र स्थानीय तहको समन्वयमा कार्यान्वयन संरचना बनाइनु पर्छ । परिपूरण कार्यक्रमलाई प्रभावकारी बनाउन पीडित केन्द्रित योजना ल्याइनुपर्छ । मनोसामाजिक परामर्श, रोजगारी तालिम, शिक्षा, स्वास्थ्य सेवा तथा आवासको व्यवस्था जस्ता सेवा उपलब्ध गराउनु आवश्यक छ । कतिपय पीडितहरू न्यायिक कारबाहीभन्दा पनि आत्मसम्मान पुनः स्थापनालाई प्राथमिकता दिन्छन् । यस्तो अवस्थामा परिपूरण र मेलमिलापको संयोजनले उनीहरूलाई न्यायको अनुभूति गराउन सक्छ ।

पाँचौँ, द्वन्द्वकालीन इतिहासलाई औपचारिक पाठ्यक्रममा समावेश गर्नुपर्छ । सत्य कथा लेखनमार्फत आगामी पुस्तालाई सिकाउने र समाजलाई पुनः त्यस्तो गल्ती नदोहोऱ्याउने चेतना दिन सकिन्छ । साथै, सत्य निरूपणका लागि साक्षात्कार, श्रव्य दृश्य अभिलेख, स्मृति कार्यक्रमजस्ता क्रियाकलापले सामाजिक रूपान्तरणमा टेवा पुऱ्याउँछन् । छैटौँ, विशेष अदालत बनाएर अभियोजनको काम पनि सुरु गर्नुपर्छ । हामीले आज निर्णय गरेनौँ भने, भोलि अन्तर्राष्ट्रिय अदालतले हाम्रो सट्टा उक्त निर्णय गर्नेछ, जसले अन्तर्राष्ट्रिय जगतको अगाडि मौलिक भनी गर्व गरिएको नेपाली शान्ति प्रक्रियाको धज्जी मात्रै उड्ने छैन, देश नै अन्तर्राष्ट्रिय न्यायिकताको चङ्गुलमा फस्न सक्ने जोखिम आउन सक्छ । अन्ततः अन्तर्राष्ट्रिय समुदायले पनि अब आर्थिक सहयोगलाई सङ्क्रमणकालीन न्यायसँग जोड्न आवश्यक छ । त्यस्ता सहयोग केबल प्रवचन र प्रतिवेदनमा सीमित नराखी बजेट, प्रविधि, तालिम र जनशक्ति विकासमा केन्द्रित गर्नुपर्दछ । संयुक्त राष्ट्र सङ्घ, युरोपेली सङ्घ, एसियाली विकास बैङ्कजस्ता साझेदार संस्थाहरूले न्यायसँग जोडिएको विकासको धारणा पनि अघि बढाउन सक्नुपर्छ ।

सत्य, मेलमिलाप, परिपूरण, पुनर्स्थापना र दण्ड सबै चरणहरूलाई समेट्ने प्रक्रिया बिना सङ्क्रमणकालीन न्याय अधुरो रहन्छ । पीडितले न्याय मागेका छन्, प्रतिशोध होइन । त्यसैले अबको सङ्क्रमणकालीन न्यायको केन्द्रीकृत धारणा हुनुपर्छ "न सबैलाई आममाफी, न त सबैलाई जेल, तर सच्चा मेलमिलाप र सम्मानजनक परिपूरण ।" तर यदि हामी अझै पनि दुई(ध्रुवीय सोच छोडेर अघि बढ्न सकेनौँ भने द्वन्द्वपीडितले न्याय नपाउने मात्र होइन, नेपालले अन्तर्राष्ट्रिय बेइज्जती र यसै कारणले आन्तरिक अस्थिरताको सामना गर्नुपर्ने दिन नआउला भन्न सकिँदैन । त्यसैले अब शान्ति सम्झौताका मर्म र भावना अनुसार लचिलो, व्यावहारिक र रूपान्तरणमुखी न्यायको यात्रा तय गरौँ । शान्ति सम्झौताले लिएको दुई( पक्षको मिलन गराउने आशा( भरोसालाई फेरि एकपल्ट जीवन्त बनाऔँ । यसको लागि उच्चस्तरीय राजनीतिक प्रतिबद्धता, आयोगको पेसागत सशक्तता, पीडितप्रतिको समर्पण र समाजभित्र मेलमिलापको संस्कार विकास गरेर अघि बढौँ । (लेखक द्वन्द्व विश्लेषक हुनुहुन्छ)

# यातायात व्यवस्था कार्यालयद्वारा ८२ करोड बढी राजस्व सङ्कलन

भद्रपुर (झापा), २२ वैशाख (रासस) ।

यातायात व्यवस्था कार्यालय झापाले चालु आव २०८१/८२ को नौ महिनामा रु ८२ करोड १६ लाख ४८ हजार चार सय दुई राजस्व सङ्कलन गरेको छ । कार्यालयले चैत महिनामा मात्रै १५ करोड ७० लाख ८२ हजार एक सय १६ राजस्व सङ्कलन गरेको हो ।

चालु आवको चैत महिनासम्म सवारी साधनको कर सङ्कलन बापत रु ६९ करोड छ लाख २२ हजार पाँच सय ४२, यातायात क्षेत्रको आम्दानी बापत रु ९६ लाख ६० हजार छ सय ६७, सवारी चालक अनुमतिपत्र सवारी दर्ता किताबसम्बन्धी दस्तुरबापत रु १२ करोड १२ लाख ८९ हजार छ सय ५१ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख

बाँकी तीन पृष्ठमा

# बजेटको प्रभावकारी कार्यान्वयनमा जोड़

काठमाडौँ, २२ वैशाख (रासस) ।

सांसद शक्ति बस्नेतले विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको छ । सोमवार बसेको प्रतिनिधिसभाको शून्य समयमा उहाँले नीति तथा कार्यक्रम र आगामी वर्षका लागि विनियोजित हुने बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभएको हो ।

यसैगरी, अन्य सांसदहरूले विभिन्न समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो । सांसद सुदन किरातीले सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत आवश्यक बजेट व्यवस्था गरी जनतालाई ऋृणमुक्त गर्ने व्यवस्थाका लागि अपिल गर्नुभयो ।

यसैगरी, सांसद सुनिता बरालले सरकारी कार्यालयमा भएका प्रयोगविहीन सवारीसाधनलाई प्रयोगमा ल्याउनका लागि जोड दिनुभयो । "पुराना सवारीसाधनले वातावरणमा समेत असर गरेको छ । विद्युतीय सवारीसाधनमा समेत परिवर्तन गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

सांसद सुरेन्द्रराज आचार्यले वर्षायाम सुरू भइसकेको उल्लेख गर्दै कपिलवस्तुस्थित वाणगङ्गा नदीमा आउने बाढीका कारण बस्ती जोखिममा रहेकाले राज्यले सजकता अपनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुशीला श्रेष्ठले नेपालको पूर्वी पहाड पर्यटकीय विकासका लागि सुरक्षित बन्दोबस्त गरिनु आग्रह गर्नुभयो । सुहाङ नेम्वाङले राकैँ-रबी-भेरेटार सडकखण्डको कालेपत्र सुस्तगतिमा अगाडि बढेको भन्दै समयमा नै सम्पन्न गर्न र फिदिम रङ्गशालालाई पूर्णता दिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सूर्यकुमारी श्रेष्ठले पेट्रोल खानी उत्खनन दैलेखमा भइरहेको भन्दै सडक दुई लेनका सडकखण्ड विस्तारका लागि बजेट विनियोजन गर्नुपर्नेमा जोड दिनुभयो । सांसद सूर्यप्रसाद ढकालले राप्ती सोनारी गाउँपालिकाअन्तर्गतको बाँकी रहेको क्षेत्रमा हुलाकी राजमार्गको काम समयमा नै सम्पन्न गर्न आग्रह गर्नुभयो ।

सांसद सूर्यमान तामाङ दोङले अरनिको राजमार्ग सडक खण्डको विस्तार समयमा नै सम्पन्न गर्नका लागि अनुरोध गर्नुभयो । सञ्जयकुमार गौतमले बर्दियाको सदरमुकाम नै बाढीको जोखिममा रहेको भन्दै बबई भेरी नदी नियन्त्रणका लागि आवश्यक पहल गर्न आग्रह गर्नुभयो ।

सांसद हितराज पाण्डेले नेपालमा विद्युत् विकासको सम्भावना भएको र खानीको उत्खननले मुलुकको विकास हुने भन्दै तामाखानी उत्पादनका लागि जनशक्ति उत्पादनमा पहल गर्न आग्रह गर्नुभयो । सांसद हेमराज राईले रेशम चौधरीमाथि गैरकानुनी रूपमा पक्राउ गर्नुले कानुनी राज्यको गिल्ली उठाएको भन्दै संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन अनुरोध गर्नुभयो ।

सांसद हृदयराम थानी कर्णाली प्रदेश विकासमा पछि परेको भन्दै कर्णालीलाई उपेक्षा नगर्न आग्रह गर्नुभयो । "बजेट जति आफ्नै निर्वाचन क्षेत्रमा खन्याउँदा कर्णालीलाई अन्याय भएको छ," उहाँले भन्नुभयो । सांसद ज्ञानबहादुर शाहीले रवीन्द्र मिश्रलगायतका नेताहरू अहिलेसम्म हिरासतमा राखिनु मानव उल्लङ्घन भएको र सबिन महर्जनमाथि गोली चलाउनेमाथि छानबिन गर्न राज्यको न्यायिक छानबिन समिति गठन गर्नुपर्ने माग गर्नुभयो ।

शून्य समयमा बोल्दै सांसदहरू बीना जैसवाल र हर्कमाया विश्वकर्माले समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो ।

## यातायात...

प्रेमप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

चालु आवको नौ महिनामा जिल्लामा नौ हजार नौ सय ५४ नयाँ सवारीसाधन दर्ता भएका कार्यालय प्रमुख सापकोटाले बताउनुभयो । उहाँका अनुसार गत आव २०८०/८१ को अन्त्यसम्ममा जिल्लामा दुई लाख छ हजार आठ सय ८४ सवारी साधन दर्ता रहेका थिए ।

कार्यालय प्रमुख सापकोटाका अनुसार चालु आवको नौ महिनामा सबैभन्दा धेरै नयाँ मोटरसाइकल तीन हजार दुई सय ३६ दर्ता भएका छन । यसैगरी ई-रिक्सा दुई हजार पाँच सय ४९, स्कुटर दुई हजार तीन सय ४५, ई-स्कुटर पाँच सय ७९, कार एक सय ८०, ट्र्याक्टर एक सय ७६, जिप एक सय ६८, बस एक सय आठ, ई-कार ९३, ट्रक ५२, ट्रिपर २०, माइक्रो १९, एम्बुलेन्स चार वटा नयाँ दर्ता भएका छन् ।


**Divisional Forest Office, Saptari**
**Invitation for sealed quotations**
(First Date of publication: 2082/01/23)

1. ***Divisional forest office, saptari Rajbiraj*** invites sealed quotations from Nepalese eligible bidders for the construction of ***following projects*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at ***Divisional forest office Rajbiraj, saptari***
3. Bidder may obtain the bidding documents from ***Divisional forest office Rajbiraj, saptari*** up to 2082/02/06. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank:Rastriya banijya bank — Name of Office: Divisional Forest Office,Rajbiraj
   Office Code no. : 3290315012 — Revenue Account no.: 1000200010000
   Rajaswa (revenue) Shirshak no. :14229 — Dhaurati Acct. Name : Pra. Le. Ni.Ka. , Lahan
   Dhaurati(deposit) Account No :- 2180100202030000
4. Pre-bid meeting shall not be held.
5. Sealed bids must be submitted to ***Divisional forest office,Rajbiraj,saptari*** by hand on before ***12 noon2082/02/07*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2 P.M. on 2082/02/07*** at ***Divisional Forest Office saptari.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Details of the contract is as follows :

| Contract Identification No. | Name of Project | Estimated amount without VAT and contigency NRs | Bid document cost, NRs | Bid security amount, NRs | Work experiance in key activity |
|---|---|---|---|---|---|
| DFO/Saptari/SBQ/WORKS/01-81-82 | Sudhariyeko Wan paidabar ghatgaddi /dipo nirman | 1700273.32 | 1000 | 50000 | Not Required |

9. After the completion of evaluation of Technical Bids which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
10. Other mandatory information will be as per Public Procurement Act 2063 and (PPA) and Public Procurement Regulation 2064 (Amended).

Chief Officer


## विश्व समाचार

### घातक काश्मीर आक्रमणपछि भारतसँगको तनावमा मध्यस्थता गर्न इरानका शीर्ष कूटनीतिज्ञ पाकिस्तानमा

इस्लामाबाद, २२ वैशाख (रासस/एपी) ।

गत महिना काश्मीरको भारतीय नियन्त्रित भागमा पर्यटकहरूमाथि भएको घातक आक्रमणपछि इस्लामाबाद र नयाँदिल्लीबीचको तनावमा मध्यस्थता गर्ने प्रयास गर्न इरानका विदेशमन्त्री सोमबार पाकिस्तानमा हुनुहुन्छ ।

पाकिस्तानको विदेश मन्त्रालयका अनुसार इरानका विदेशमन्त्री अब्बास अराघचीको भ्रमण विवादित काश्मीर क्षेत्रमा पर्यटकहरूमाथि भएको घातक आक्रमणपछि तनाव बढेदेखि कुनै पनि विदेशी महानुभावको पहिलो भ्रमण हो । यो भ्रमण तेहरानले आणविक सशस्त्र छिमेकीहरूबीचको तनाव कम गर्न मद्दत गर्ने प्रस्ताव गरेको केही दिनपछि भएको हो ।

इस्लामाबाद नजिकैको विमानस्थलमा अवतरण गरेपछि वरिष्ठ पाकिस्तानी अधिकारीहरूले अराघचीलाई स्वागत गरेका थिए । उहाँले आफ्ना पाकिस्तानी समकक्षी इशाक डार, राष्ट्रपति आसिफ अली जर्दारी र प्रधानमन्त्री शाहबाज सरिफलाई भेट्नुहुने मन्त्रालयले जनाएको छ । मन्त्रालयले थप विवरण दिएको छैन ।

क्याबिनेट मन्त्री अत्ताउल्लाह तरारले यही वैशाख ९ गते (अप्रिल २२) मा पहलगामको रिसोर्ट सहरमा भएको आक्रमणको प्रतिक्रियामा भारतले पाकिस्तानमा आक्रमण गर्न सक्ने विश्वसनीय खुफिया जानकारी इस्लामाबादसँग रहेको बताउनुभएपछि गत हप्तादेखि पाकिस्तानको सशस्त्र सेना उच्च सतर्कतामा रहेको छ ।

पाकिस्तानले आक्रमणमा कुनै पनि भूमिकालाई अस्वीकार गरेको छ र विश्वसनीय अन्तर्राष्ट्रिय अनुसन्धान गर्न प्रस्ताव गरेको छ । नयाँदिल्लीले अहिलेसम्म यो प्रस्ताव स्वीकार गरेको छैन । संयुक्त राज्य अमेरिकाका अधिकारीहरूसहित धेरै विश्व नेताले दुवै पक्षलाई संयम अपनाउन र थप तनावबाट बच्न आग्रह गरेका छन् ।

काश्मीर भारत र पाकिस्तानबीच विभाजित छ र दुवैले पूर्ण रूपमा दावी गर्छन् । दुई देशले आफ्नो तीन युद्धमध्ये दुईवटा यस हिमालय क्षेत्रका लागि लडेका छन् र प्राय काश्मीरमा उनीहरूको प्रतिस्पर्धी दाबीका कारण उनीहरूको सम्बन्ध द्वन्द्व, आक्रामक कूटनीति र आपसी शङ्काबाट आकार लिएको छ ।

पछिल्लो झडपले दुई देशलाई एक अर्काका कूटनीतिज्ञ र नागरिकहरूलाई निष्कासन गर्न, साथै हवाई क्षेत्र बन्द गर्न प्रेरित गरेको थियो ।

### मेक्सिकोमा अमेरिकी सैनिक पठाउने ट्रम्पको प्रस्ताव

वासिङ्टन, २२ वैशाख (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार लागुऔषध तस्करी विरुद्ध लड्न मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबामसँग फोनमा अमेरिकी सेना पठाउने प्रस्ताव राखेको पुष्टि गर्नुभएको छ ।

सेनबामले शनिबार एक सार्वजनिक कार्यक्रममा उहाँले आफ्नो देशमा अमेरिकी सेना पठाउने ट्रम्पको प्रस्तावलाई अस्वीकार गरेको तर यसको सट्टा उहाँले नजिकको सहयोग र सूचना साझेदारीको प्रस्ताव गरेको खुलासा गर्नुभएको थियो ।

ट्रम्पले आइतबार पत्रकारहरूलाई कार्टेलहरू 'डरलाग्दा मानिसहरू हुन् जसले दायाँ बायाँ मानिसहरूलाई मारिरहेका छन्' भन्ने दाबी गर्दै आफूले सैनिक तैनाथीको प्रस्ताव गरेको 'सत्य हो' भन्नुभयो ।

"उनीहरूले लागुऔषध बेचेर र हाम्रा मानिसहरूलाई नष्ट गरेर धन कमाएका छन्, हामीले गत वर्ष तीन लाख मानिसलाई फेन्टानिल र लागुऔषधका कारण गुमाएका थियौँ", ट्रम्पले भन्नुभयो, "यदि मेक्सिकोले कार्टेलहरूसँग मद्दत चाह्यो भने हामी भित्र गएर त्यसो गर्न पाउँदा सम्मानित हुनेछौँ । मैले उहाँलाई त्यही भनेँ । म भित्र गएर यसो गर्न पाउँदा सम्मानित हुनेछु ।"

ट्रम्पले मेक्सिकोमा भन्सार शुल्क लगाउने तर्कका रूपमा प्रयोग गर्दै मेक्सिकोले आप्रवासी र लागुऔषध, विशेष गरी फेन्टानिल, संयुक्त राज्य अमेरिकामा तस्करी रोक्न पर्याप्त काम नगरेको लामो समयदेखि गुनासो गर्दै आउनुभएको छ ।

उहाँले अमेरिकाको दक्षिणी छिमेकी 'पूर्ण रूपमा अपराधिक कार्टेलहरूको प्रभुत्वमा छ जसले हत्या, बलात्कार, यातना दिन्छन्' भनेर मार्चको सुरुमा मेक्सिकालीहरूलाई क्रोधित बनाउनुभएको थियो ।

आइतबार ट्रम्पले सेनबामले गैर(राज्य सशस्त्र समूहहरूबाट प्रतिशोधको धम्कीमा सेनाको आफ्नो प्रस्तावलाई अस्वीकार गर्नुभएको दाबी गर्नुभयो ।

"मेक्सिकोका राष्ट्रपति एउटी प्यारी महिला हुनुहुन्छ तर उहाँ कार्टेलहरूबाट यति डराउनुहुन्छ कि उहाँ सिधै सोच्न पनि सक्नुहुन्न", ट्रम्पले पत्रकारहरूलाई भन्नुभयो ।

# ‘एनआरएनए’ एकता महाधिवेशन सम्पन्न

काठमाडौं, २२ वैशाख (रासस) । काठमाडौं घोषणापत्र जारी गर्दै गैर आवासीय नेपाली सङ्घ (एनआरएनए) उच्चस्तरीय समितिद्वारा आयोजित एकता महाधिवेशन आइतवार सम्पन्न भएको छ । महाधिवेशनले महेश श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमितिसमेत चयन गरेको छ ।

समापन समारोहलाई सम्बोधन गर्दै नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गैर आवासीय नेपालीबाट मुलुकले धेरै ठूलो आशा गरेको बताउनुभयो ।

उहाँले आफ्नो नेतृत्वको पूर्ववर्ती सरकारले एनआरएन नागरिकता प्रदान गर्न सुरु गरेको भएपनि हालसम्म त्यसको पूर्ण कार्यान्वयन हुन नसक्दा दुःख लागेको उल्लेख गर्नुभयो । गैर आवासीय नेपालीलाई प्रदान गरिने नागरिकता कार्यान्वयनको सवालमा आफ्नो दलले पूर्णसहयोग गर्ने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता डा प्रकाशशरण महतले एनआरएनसँग रहेको ज्ञान र सीप मुलुकको उन्नतिमा प्रयोग गर्न सरकारले सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो । एनआरएनका मुद्दालाई सम्बोधन गर्न आफ्नो दल सधैँ सकारात्मक रहेको उल्लेख गर्दै उहाँले लगानी विस्तार, सीप र क्षमताको अधिकतम् प्रयोग गरेर मुलुकलाई अगाडि बढाउन आग्रह गर्नुभयो ।

एनआरएनएका पूर्वअध्यक्षद्वय देवमान हिराचन र भवन भट्ट, एनआरएन अभियन्ता, आरके शर्मा, डा केशव पौडेललगायतलले नवनिर्वाचित कार्यसमितिलाई सफलताको शुभकामना दिनुभएको थियो । सो अवसरमा नव निर्वाचित अध्यक्ष श्रेष्ठले सबै पक्षलाई सहमतिमा आउन आग्रह गर्नुभयो ।

महाधिवेशनले गैरआवासीय नेपालीले गैर आवासीय नेपाली नागरिकतासम्बन्धी संविधानले व्यवस्था गरेका सम्पूर्ण अधिकार उपभोग गर्न पाउने गरी शीघ्र विद्यमान ऐन कानुनमा संशोधन गर्न सरकारलाई अनुरोध गरेको छ । विदेशमा बस्ने नेपालीले पनि आफ्नो मताधिकार प्रयोग गर्न पाउने व्यवस्था गर्नसमेत आग्रह गरेको छ ।

त्यसैगरी मध्यपूर्वलगायतका मुलुकमा कार्यरत नेपाली श्रमिकका समस्या र त्यहाँ अज्ञानतावश जेलमा रहेका नेपालीलाई स्वदेश फर्काउन तत्काल पहल गर्न सरकारको ध्यानाकर्षण गराएको छ । महाधिवेशनको उद्घाटन परराष्ट्र मन्त्री डा आरजु राणा देउवाले गत शनिबार गर्नुभएको थियो ।

# स्रोत नखुलेको १५ लाख १७ हजार पाँचसय रकम बरामद
# सप्तरीका एक सहित चार जना पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।**

प्रहरीले स्रोत नखुलेको रु १५ लाख १७ हजार पाँच सय सहित चार जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरुमा सप्तरीको सप्पकोशी नगरपालिका १ घर भएका ४३ वर्षीय गणेश राई, काठमाडौं तार्केश्वर नगरपालिका ३ फेदीका २९ वर्षीय समुन्द्र जमकट्टेल, लमजुङ, दोदी गाउँपालिका ३ का ३१ वर्षीय सन्तोष गुरुङ र सोही ठाउँका ३९ वर्षीय सन्तोष घिमिरे रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

“काठमाडौं महानगरपालिका ९ पिङ्गलास्थान स्थित पशुपति भिजन अगाडी सडकमा आइतबार दुई वटा मोटरसाइकलमा शङ्कास्पद अवस्थामा सवार उनीहरुको साथमा रहेको झोला खानतलासी गर्दा उक्त रकम सहित नियन्त्रणमा लिइएको हो” उनले भने ।

स्रोत खुल्न नसकेको उक्त रकम सहित पक्राउ परेका चारै जानमाथि आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता बोहराले बताए ।

# सुनाखरी मध्यवर्ती सामुदायिक ‘होमस्टे’मा पाहुना वृद्धि हुँदा व्यवसायी उत्साहित

वीरगञ्ज (पर्सा), २२ वैशाख (रासस) । पर्साको ठोरीमा गाउँपालिका–५ सुवर्णपुरमा अवस्थित सुनाखरी मध्यवर्ती सामुदायिक घरबास (होमस्टे) मा चालु आर्थिक वर्षमा तीन हजार पाहुनाको आवागमनसँगै होमस्टे सञ्चालन गरेका स्थानीयमा उत्साह बढेको छ ।

विगतका वर्षमा मधेस प्रदेशकै पहिलो सामुदायिक घरबास पर्याप्त प्रचारप्रसार र ‘ब्रान्डिङ’को अभावले अपेक्षाकृतरुपमा पर्यटकको आवागमन बढ्न नसकेपनि यो चालु आवमा भने पर्यटकको आवागमनमा उल्लेखनीय वृद्धि भएको छ ।

सुनाखरी मध्यवर्ती सामुदायिक घरबासका अध्यक्ष शम्भुराम पौडेलले चालु आर्थिक वर्षको मङ्सिरदेखि फागुनसम्मको तीन महिनाको अवधिमा ६० जनाभन्दा धेरै चलचित्र छायाङ्कनका कलाकार तथा प्राविधिक बसेकाले पनि अघिल्ला वर्षको तुलनामा पर्यटकको आवागमन बढेको जानकारी दिनुभयो ।

“गत आर्थिक वर्षमा करिब एक हजार आठ सय पाहुना आउनुभएको थियो,” उहाँले भन्नुभयो,“यो वर्षको वैशाख तेस्रो सातासम्मको अवधिमा करिब तीन हजारको हाराहारीमा पर्यटक भित्रिनुभएको छ । पर्यटकको आवागमन बढेसँगै यहाँका स्थानीय होमस्टे सञ्चालकहरुमा उत्साह बढिरहेको छ ।”

निर्माता अनुप पौडेलले नेपाली र भोजपुरी भाषामा आधारित ‘इलेफेन्ट इन द फग’ नामक चलचित्र ठोरी गाउँपालिकाको शिकारीबास र आसपासको क्षेत्रमा छायाङ्कन गर्नुभएको थियो । गत आवमा भने यहाँ करिब एक हजार आठ सयको हाराहारीमा पाहुना भित्रिएका थिए ।

यो घरबास २०७३ सालदेखि १५ घरमा सञ्चालन हुँदै आइरहेको छ । वीरगञ्ज महानगरक्षेत्रबाट ३४ किलोमिटरको दूरीमा पर्ने घरबासबाट ठोरीको मनोरम दृश्यका साथै विभिन्न खालका जङ्गली जनावरको अवलोकन गर्नसमेत पाइन्छ । यहाँ बाघमोर्चा माई, गुम्बा, प्रणामी मन्दिर, सहिद स्मारक, सुनाखरी वनलगायतका आकर्षण रहेका छन् ।

यहाँ १५ घरमा अहिले घरबास सञ्चालन भइरहेको छ । एउटा घरबासमा दुई वटा कोठामा पाहुना बस्ने व्यवस्था छ । सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाखिनले प्रदेश सरकारले पर्यटकको लागि घुमाउनको अनुदानमा उपलब्ध गराएको सेतो नम्बर प्लेटको सफारी गाडीको कारणले सार्वजनिक बिदाको दिनमा पर्यटकलाई घुमाउनको लागि समस्या परेको गुनासो गर्नुभयो ।

“ पटक-पटक मधेश मन्त्रालयमा धाइसक्यौं । तर, अहिलेसम्म पनि सो समस्या समाधान हुन सकेको छैन ।” पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सो समस्या समाधानका लागि आवश्यक सहजीकरण गरिदिने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । यहाँका घरबासमा स्थानीयस्तरमा उत्पादन हुने मकैको विशेष परिकार, लोकल कुखुरा र मकैको ढिँडो पनि पाहुनाले रुचाउने गर्छन् । समूहमा पाहुना आउँदा तामाङ समुदायले सांस्कृतिक कार्यक्रम पनि देखाउँदै आइरहेका छन् ।

# सामाजिक सञ्जाल प्रयोगमा नियमन आवश्यक

काठमाडौं, २२ वैशाख (रासस) । राष्ट्रियसभाको सोमवार को बैठकको शून्य समयमा सांसदहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ । सांसद कृष्णबहादुर रोकायाले मध्यपहाडी लोकमार्ग राष्ट्रिय गौरवको आयोजना भए पनि गति लिन नसकेकाले यथासीघ्र सम्पन्न गर्नुपर्नेमा ध्यानाकर्षण गराउनुभयो ।

सांसद घनश्याम रिजालले दोलखाको लामाबगर फलाक नाकाले आयात र निर्यात तथा पर्यटनको माध्यमबाट लाभ लिन सक्ने उल्लेख गर्दै सञ्चालनमा ल्याउन माग गर्नुभयो । सांसद पूजा चौधरीले सुशान्त वली र प्रिसा साहको मृत्युप्रति समवेदना व्यक्त गर्दै दोषीलाई कडाभन्दा कडा कारवाही गर्नुपर्ने बताउनुभयो ।

सांसद रुकमणि कोइरालाले प्रविधिको विकाससँगै सामाजिक सञ्जालको दुरुपयोगका घटना बढेकाले नियमन हुन आवश्यक रहेको बताउनुभयो । सांसद रेणु चन्दले अछामको जयगढ बजार र साँफेबगरको हाटबजारमा भएको आगलागीले जनधनको क्षति पुगेकाले अस्थायी आवास र बजार पुनःस्थापन गर्न माग गर्नुभयो ।

सांसद विष्णुकुमारी सापकोटाले वर्खायाम सुरु हुन लाग्दा सडक निर्माण चाँडो हुनुपर्नेमा जोड दिनुभयो । सांसद विष्णुदेवी पुडासैनीले बालविवाहका घटना हुन नदिन काम गर्नुपर्छ भन्नुभयो । सांसद विष्णुबहादुर विश्वकर्माले काठमाडौंको तीनकुने घटनाको छानबिनको माग गर्नुभयो । सांसद श्रीकृष्णप्रसाद अधिकारीले लेखा समितिमा परेका उजुरी अलपत्रमा परेको उल्लेख गर्दै आर्थिक अनियमितता रोक्न सम्बोधन गर्नुपर्ने माग गर्नुभएको छ ।

सांसद सावित्री मल्लले दैलेखमा प्राकृतिक विपद्बाट क्षति पुगेको र विपद् न्यूनीकरणका लागि उपाय खोज्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

# ‘नेपाल र भारत हिन्दू राष्ट्र कायम गरिनुपर्छ’

जनकपुरधाम, २२ वैशाखः धर्मचक्रवर्ती तुलसी पीठाधीश्वर पद्मिभूषण जगद्गुरु रामानन्दाचार्य स्वामी रामभद्राचार्यजी महाराजले नेपाल र भारतलाई हिन्दू राष्ट्र बनाउनुपर्ने विचार व्यक्त गर्नुभएको छ ।

जानकी नवमी अर्थात् सीता जयन्तीको पूर्वसन्ध्यामा आज जनकपुरधामस्थित जानकी मन्दिरमा दर्शन तथा पूजाअर्चनापश्चात् पत्रकारसँग उहाँले हिन्दू धर्म तथा संस्कृतिको संरक्षणका लागि नेपाल–भारतलाई हिन्दू राष्ट्र कायम गर्नुपर्ने बताउनुभयो ।

उहाँले विश्वको बदलिँदो परिस्थितिमा धर्म परिवर्तन गराइरहेकाले यसमा सबै हिन्दू धर्मावलम्बी सचेत रहनुपर्ने बताउनुभयो । स्वामी रामभद्राचार्यजी महाराजले नेपाल तथा भारतबीचको परापूर्वकालदेखि धार्मिक तथा सांस्कृतिक सम्बन्ध रहेकाले यसलाई थप समृद्ध बनाउनुपर्नेमा जोड दिनुभयो ।

यसअघि उहाँले महोत्तरीको जलेश्वरनाथ मन्दिर र लक्ष्मीनारायण मठमा पूजाअर्चना गर्नुभएको जानकी मन्दिरका सह–महन्थ रामरोशन दासले जानकारी दिनुभयो । सप्ताहव्यापी सीता जयन्ती मनाउने कार्यक्रमअन्तर्गत उहाँ सोमवार यहाँ आउनुभएको थियो ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झ्लभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**


***कोसी...***

सरकारले नेपाल-भारतको सीमा क्षेत्र कोसी गाउँपालिका–८ भण्टाबारी नजिक पर्यटक भित्र्याउन भारतीय सवारी तथा पर्यटकलाई प्रदेशभित्र कुनै किसिमको असुविधा नहोस् भनी स्टीकर अभियान सुरुवात गरेको थियो ।

***जगगाको...***

लगायतका ८ बुँदे माग अघि सार्दै विगत २ महिनादेखि आन्दोलित छन् ।

सरोकारवाला निकायले माग सम्बोधन प्रति कुनै चासो नदेखाएकाले बाध्य भई आन्दोलनलाई निरन्तरता दिइएको संघर्ष समितिका संयोजक इरसाद अन्सारीले बताए ।

नगरवासीको यो समस्या समाधान गर्न नगरपालिकाले अभिभावकको भूमिका निर्वाह गर्नुपर्नेमा सो नगरि मौन बसेको भन्दै संघर्ष समितिले राजविराज नगरपालिका कार्यालयमा समेत घेराउ र धर्नामा बसेको उनको भनाई छ ।।

प्रथम चरणको आन्दोलनको कार्यक्रम अन्तर्गत विरोध प्रर्दशन, राजविराज बाजार बन्द तथा दोस्रो चरणमा नगरका घर र पसल पसलमा कालो झण्डा झुण्ड्याउने, मागका पक्षमा हस्ताक्षर संकलन अभियान, सरकोकारवाला कार्यालयमा धर्ना लगायतका विरोधका कार्यक्रम गरेका संघर्ष समितिले बैशाख २४ गते नगरवासीको वृहत भेलाबाट तेस्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गर्ने संघर्ष समितिले जनाएको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*